प्रदेश सरकार
भूमिव्यवस्था, कृषितथा सहकारी मन्त्रालय
कृषिविकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,उदयपुर
प्रदेश नं.१,नेपाल

फोन नं. ०३५-४२०१३०
E-mail : akcudaypur@gmail.com

प.सं. २०७६/०७७
च.नं.

# पकेट ब्लक कार्यक्रमको लागी आवेदन पेश गर्ने बारे सूचना !!!

प्रथम पटक प्रकासित मितिः २०७६/०९/२८

यस केन्द्रको चालु आ.व. २०७६/०७७ को प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फको स्वीकृत कार्यक्रम अनुसार संचालन गरिने तपसिलमा उल्लेखित विभिन्न कार्यक्रम संचालन गर्न इच्छुक कृषि सहकारी/ कृषक समुह/जल उपभोक्ता संस्था र कृषि उध्यमिहरुले निम्न कागजात संलग्न राखी यस केन्द्रमा मिति २०७६/१०/१८ (२१ दिन भित्र) सम्म तोकिए अनुसारको ढाँचामा आवेदनपेस गर्न सम्पुर्ण कृषक महानुभावहरुमा जानकारीको लागी यो सुचना प्रकासन गरिएको छ । म्याद नाघि आएका आवेदनहरु दर्ता गरिने छैन साथै संचालन गरिने कार्यक्रमको विवरण समेत प्रकासित गरिएको र उक्त कार्यक्रमको लागि **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको वेवसाईड** www.pmamp.gov.npकार्यबिधि २०७३ डाउनलोड गरि जानकारी लिन सक्नु हुनेछ ।

पकेट ब्लक संचालन हुने बाली र स्थानिय तहहरु

| सि.नं. | स्थानिय तह पालिकाको नाम | अधिकतम अनुदान रकम (रु हजारमा) | बालीको नाम | पकेट ब्लकको बिबरण | कैफियत |
|---|---|---|---|---|---|
| १. | बेलका नगरपालिका | ७६०० | धान, मकै | पकेट १, ब्लक २ | प्रति पकेट १० हेक्टरको र प्रति ब्लक १०० हेक्टरको क्लष्टर |
| २. | चौदण्डीगढी नगरपालिका | ८०० | केरा खेती | पकेट १ | प्रति पकेट १० हेक्टरको क्लष्टर |
| ३. | त्रियुगा नगरपालिका | ८०० | तरकारी | पकेट १ | प्रति पकेट १० हेक्टरको क्लष्टर |
| ४ | रौतामाई गाउपालिका | १६०० | तरकारी | पकेट २ | प्रति पकेट १० हेक्टरको क्लष्टर |
| ५ | उदयपुरगढी गाउपालिका | ४१०० | तरकारी | पकेट १, ब्लक १ | प्रति पकेट १० हेक्टरकोर ब्लक १०० हेक्टर क्लष्टर |

नोट : १. वीउ विजन तथा कृषि उपकरणमा ५०% अनुदान र सिंचाई कार्यक्रममा ८५% अनुदान उपलव्ध हुनेछ ।
२. तरकारीबालीमा प्रांगारिक प्रविधि अपनाउनु पर्नेछ ।
३. कार्यक्रम संचालन गर्दा बजारीकरणलाई समेत ध्यान पुर्याउनु पर्नेछ ।
४. प्राप्त हुन आएका आवेदनहरु मध्येवाट पकेट तथा ब्लक संचालक समिति गठन गरी सो समिति मार्फत कार्यक्रम संचालन हुनेछ ।

आवश्यक कागजातहरु:

१.निजि कृषि उध्यमि, संस्था, समुह तथा सहकारी दर्ता प्रमाण पत्र(नविकरण भएको)र बैठकको निर्णय प्रतिलिपि ।
२.कार्यक्रम संचालन गर्ने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
३. कृषक समुह, सहकारीको तोकिए बमोजिमको निवेदन ।
४. सम्बन्धित वडा कार्यालय र कृषि बिकास शाखाको सिफारिस पत्र ।
५. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि ।
६. सहकारीको हकमा गत आ.ब. को लेखा परिक्षण प्रतिवेदन बिवरण ।
७. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
८. जग्गाधनि पुर्जाको प्रतिलिपि वा स्थानिय तहले सिफारिस गरेको जग्गाको क्षेत्रफल ।
९. सम्बन्धित विषयको प्राविधिक ज्ञान भए सो को रेकर्ड ।
१०. आबेदकले एकै प्रकृतिका अनुदान अन्य निकाएवाट नलिएको स्वःघोषणा पत्र ।
११. भाडामा लिएको जग्गा भएमा करारनामा पत्रको प्रतिलिपि ।
१२. यस अघि सोहि कार्यक्रमको लागि समिति दर्ता भएको भए सोको प्रतिलिपि ।

**आबश्यक जानकारीको लागी कृषि ज्ञान केन्द्र उदयपुरको फोन नं. ०३५-४२०२६३/४२०१३० र रामजुगन यादव मो.नं. ९८४२०६२४२९/ अनिष मुडवरी ९८४९९८२८४४ संग सम्पर्क गर्न हुन ।**

नरनाथ शर्मा
निमित्त प्रमुख